नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.:-

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

## विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको अध्यक्षतामा सम्वत् २०८१ माघ २९ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा सम्पन्न उद्योग-वाणिज्य सम्वाद परिषद्को बैठकमा सम्माननीय प्रधानमन्त्रीज्यूले अर्थतन्त्र क्रियाशील बनाउन, राजस्व चुहावट नियन्त्रण गर्न एवम् देशमा उद्यमशील सोच र व्यवहारको विकास गर्न निजी क्षेत्रसँग सहकार्य गर्न सरकार सदैव तयार रहेको बताउनुभएको छ।

बैठकले उद्योग वाणिज्य क्षेत्रलाई थप चलायमान बनाउन गर्नुपर्ने कार्यका सम्बन्धमा छलफल गरी तय गर्न सरकार र निजी क्षेत्रका प्रतिनिधिहरू संलग्न उत्पादन, पूर्वाधार, सामाजिक, व्यापार र शासकीय तथा प्रशासनिक क्षेत्रगत उपसमितिहरु बनाउने निर्णय समेत गरेको छ।

बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका विकास व्यवस्थापन क्षेत्र हेर्नुहुने सचिव श्री राजकुमार श्रेष्ठलेज्यूले संक्षिप्त प्रस्तुती गर्नुहुँदै छलफलका विषयहरू प्रस्तुत गर्नुभएको थियो भने निजी क्षेत्रबाट प्रतिनिधित्व गर्नुहुने परिषद्का सदस्यहरूले सरकारले हालै अध्यादेशमार्फत उद्योग व्यवसाय प्रवर्द्धनको लागि गरेका कानूनी सुधारको प्रशंसा गर्दै थप सुधारको लागि सुझावहरू प्रस्तुत गर्नुभएको थियो।

बैठकमा नेपाल सरकारका माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्रीज्यू लगायत परिषद्का सदस्य मन्त्रीज्यूहरु तथा सम्माननीय प्रधानमन्त्रीज्यूका मुख्य सल्लाहकार एवम् सल्लाहकारज्यूहरू, नेपाल सरकारका मुख्य सचिव एवम् सचिवज्यूहरुको उपस्थिति रहेको थियो।

प्रेमप्रसाद आचार्य
प्रवक्ता

२०८१ माघ २९ गते, मङ्गलबार

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http/www.opmcm.gov.np